आज मिति २०७९ माघ ६ गतेका दिन बेसीशहर नगरपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको २४ (औं) बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

उपस्थिती

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उपप्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ आचार्य (?) |
| कार्यपालिका सदस्य | वडा नं १ | श्री दुर्गाबहादुर कुवाँथेबी (?) |
| " " | वडा नं २ | श्री मदन बहादुर राना |
| " " | वडा नं ३ | श्री चित्र बहादुर खवाई (?) |
| " " | वडा नं ४ | श्री राम बहादुर गुरुङ |
| " " | वडा नं ५ | श्री इन्दु बहादुर गुरुङ |
| " " | वडा नं ६ | श्री प्रकाश थापा |
| " " | वडा नं ७ | श्री ऋषिराम बस्नेत |
| " " | वडा नं ८ | श्री पबित्रा थापा राना |
| " " | वडा नं ९ | श्री कुमारी गुरुङ (?) |
| " " | वडा नं १० | श्री गंगा बहादुर थापा |
| " " | वडा नं ११ | श्री शिव प्रसाद जोशी |
| " " | - | श्री हिरालाल विश्वकर्मा |
| " " | - | श्री सीताराम दुलाल (?) |
| " " | - | श्री कल्पना थापा बोहरा |
| " " | - | श्री विमला न्यौपाने अधिकारी |
| " " | - | श्री सुकमाया घर्ति |
| " " | - | श्री पुष्पमाया गुरुङ |
| " " | - | श्री सरिता परियार |

सहजकर्ता कर्मचारी

का.मु. प्रशासकीय अधिकृत (?) श्री महेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।
२. नगरसभाको कार्यसूचीमा रहेका विषयहरुको सम्बन्धमा
   - अर्ध बार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
   - आयव्यय विवरण सम्बन्धमा ।
   - संशोधित बजेट प्रस्ताव सम्बन्धमा ।
   - कार्यपालिका बैठकका निर्णयहरु र संशोधित आयोजना/ कार्यक्रम सम्बन्धमा ।
   - कानून संशोधन सम्बन्धमा ।
   - कानून स्वीकृत सम्बन्धमा ।
   - लेखा परीक्षण प्रतिवेदनको सम्बन्धमा ।
   - संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रम सम्बन्धमा ।
   - नगरसभामा लैजाने समसामयिक विषयका सम्बन्धमा ।
   - कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा ।
३. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।
४. कृषि सामाग्री संस्थानको जग्गा सम्बन्धमा ।
५. समिति हेरफेर सम्बन्धमा ।
६. फोहरमैलाको सम्झौता गर्ने म्याद थप गर्ने सम्बन्धमा ।
७. उपभोक्ता समिति गठन र आयोजना सम्झौता गर्ने समय सीमा सम्बन्धमा ।
८. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।
९. नदिजन्य पदार्थको वातावरणीय अध्ययन प्रतिवेदन र संकलन/विक्री सम्बन्धमा ।
१०. स्टक प्रमाणित सम्बन्धमा
११. नगरस्तरीय आयोजनाको नाम संशोधन सम्बन्धमा
१२. विविध
   - तह बृद्धि सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/०९/२९ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: अर्ध बार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्मको अर्ध वार्षिक प्रगति विवरणको बारेमा यस बैठकमा छलफल भई सो प्रगति विवरणका सम्बन्धमा प्राप्त भएका सुझावहरुलाई समेत समावेश गरी १६ औं नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३: आयव्यय विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित आय र पुस मसान्त सम्मको वास्तविक आय व्यय विवरण यस कार्यपालिका बैठकमा जानकारी गराइयो साथै उक्त विवरण नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४: संशोधित बजेट प्रस्ताव सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को लागि गत असार २६ गते सम्मन्न १५ औं नगरसभा अधिवेशनबाट पारित आय अनुमानमा देहाय अनुसार संशोधन गरी मिति २०८१/१०/७ को १६औं नगरसभा अधिवशेन समक्ष पेश गर्ने निर्णय गरियो ।

**आर्थिक बर्ष २०८१/८२ को संशोधित आय बजेट विवरण**

बजेट रु. हजारम

| सि.नं | शिर्षक | गत सभाबाट स्वीकृत बजेट | चालु सभाबाट संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय | ६८६८२ | ८०९६२.२२३ | |
| १।१ | आन्तरिक श्रोततर्फको आय | ३६३८२ | ३६३८२ | |
| १।२ | चालु आ.व.बाट जिम्मेवारी सर्ने | ३२३०० | ४४५८०.२२३ | |
| २ | स्थानीय राजश्व | २७२४० | २७२४० | |
| ३ | संघीय समानीकरण अनुदान | १३०६०० | १३०६०० | |
| ४ | राजश्व बाँडफाँड/संघीय सरकार | ११६१०० | ११६१०० | |
| ५ | प्रदेश समानीकरण अनुदान | १७८७९ | १७८७९ | |
| ६ | राजश्व बाँडफाँड/प्रदेश सरकार | १६००३ | १६००३ | |
| ७ | संघीय सशर्त अनुदान | ३२२२६९ | ३२२२६९ | |
| ८ | संघीय विशेष अनुदान | १०५०० | १०५०० | |
| ९ | संघीय समपुरक अनुदान | २८००० | २८००० | |
| १० | प्रदेश सशर्त अनुदान | ० | ० | |
| ११ | प्रदेश विशेष अनुदान | ४००० | ४००० | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

| सि.नं | शिर्षक | गत सभाबाट स्वीकृत बजेट | चालु सभाबाट संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|
| १२ | प्रदेश समपुरक अनुदान | ६००० | ६००० | |
| १३ | अन्य विविध (सडक बोर्ड) | १०००० | १०००० | |
| | कुल जम्मा | ७५,७२,७३ | ७६,९५,५३.२२३ | |

निर्णय नं.५: कार्यपालिका बैठकका निर्णयहरु र संशोधित आयोजना/ कार्यक्रम सम्बन्धमा ।

चालु आ.व.को हालसम्मका नगर कार्यपालिका बैठकका निर्णयहरु, कार्यपालिकाबाट संशोधन भएका आयोजना कार्यक्रम तथा नगरप्रमुखबाट तोकादेश मार्फत निर्णय भएका आयोजना, कार्यक्रम र सहायता सम्बन्धी निर्णयहरु नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.६: कानुन संशोधन सम्बन्धमा ।

नगरसभा अधिवेशन तथा नगर कार्यपालिका बैठकबाट पारित भई राजपत्रमा प्रकाशित भएका मौजुदा कानूनहरुमा आवश्यक परिमार्जन गरी सो संशोधनलाई देहायको ऐनमा समावेश गरी सो विधेयक स्वीकृतिका लागि १६औं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

देहाय

१."बेसीशहर नगरपालिकाको केही ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८१"

निर्णय नं.७: कानुन स्वीकृत सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको देहायका ऐनहरु निर्माण गर्न वाञ्छनिय भएकोले सो ऐनका मस्यौदा उपर छलफल भई आवश्यक परिमार्जन सहित स्वीकृतिका लागि १६ औं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

देहायः

१.स्थानीय संघसंस्था दर्ता तथा सूचीकृत विधेयक-२०८१

२.बेसीशहर नगरपालिका क्षेत्र भित्र सार्वजनिक यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-२०८१

३.नगरपालिका क्षेत्रभित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्ने सम्बन्धमा बनेको विधेयक-२०८१

४.बेसीशहर नगरपालिकाको सार्वजनिक नीजि साझेदारी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-२०८१

५. स्थानीय उद्योग दर्ता, सूचिकृत, सञ्चालन,व्यवस्थापन र नियमन सम्बनन्धी विधेयक-२०८१

निर्णय नं.८: लेखा परीक्षण प्रतिवेदनको सम्बन्धमा ।

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त भएको बेसीशहर नगरपालिकाको आ.व. २०७९/८० सम्मको अन्तिम लेखा परीक्षण प्रतिवेदन र आ.व.२०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा छलफल भयो। साथै प्रतिवेदनहरुले औंल्याएका नियमित गर्नुपर्ने बेरुजुहरुको सम्बन्धमा लेखा समितिको सिफारिश समेतका आधारमा असल मनसायले गरिएका तथा कुनै हानी नोक्सानी र अनियमित नभएका केवल स-साना प्रकृयागत त्रुटि हुन गएका बेरुजुलाई नियमित गर्नको लागि १६ औं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

**निर्णय नं.९: संघीय र प्रदेश सरकार समक्ष माग गर्ने आयोजना/कार्यक्रम सम्बन्धमा ।**

नगरपालिकाको आर्थिक तथा प्राविधिक क्षमताले नभ्याउने तथा लागत साझेदारीमा गर्न सकिने आयोजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्नको लागि नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्नुपर्ने भएकोले सिफारिश गरिने आयोजना तथा कार्यक्रमको सूची १६औं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०: नगरसभामा लैजाने समसामयिक विषयका सम्बन्धमा ।**

देहाय वमोजिमका समसामयिक सवालहरुमा आवश्यक निर्णय गर्न १६औं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

बजेट सिलिङ वृद्धि गर्न अनुरोध गर्ने सम्बन्धमा ।

बजेट सिलिङ अनुरुप अनुदान उपलब्ध गराउने सम्बन्धमा ।

स्थानीयतहबाट सिफारिश भएका योजना/कार्यक्रमलाई समावेश गर्ने सम्बन्धमा ।

बजारमा निर्माण सामाग्रीको मूल्य बृद्दि भएको सम्बन्धमा ।

जलवायु परिवर्तनजन्य जोखिम न्यूनीकरण सम्बन्धमा ।

**निर्णय नं.११: कर्मचारी/शिक्षक सम्मान सम्बन्धमा ।**

नगरपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई १६औं नगरसभा अधिवेशनमा नगद र प्रशंसा पत्र सहित सम्मान गर्ने कार्यको लागि मापदण्ड तयार गरी सोही मापदण्ड वमोजिम सर्वोत्कृष्ठ ४ जना कर्मचारी र १ जना शिक्षक छनौट गर्ने कार्यको लागि विगतमा यस सम्बन्धमा गठित समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१२: संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

बेसीशहर नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालय/स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदन २०७८ लाई अद्यावधिक/परिमार्जन गरी नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मस्यौदा तयार गर्नको लागि गत कार्यपालिका बैठकबाट गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले पेश गरेको प्रतिवेदन समेतका आधारमा तयार गरिएको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन-२०८१ लाई स्वीकृत गरी निर्णयार्थ १६औं नगरसभा अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३: कृषि सामाग्री संस्थानको जग्गा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ८ स्थित कृषि सामाग्री संस्थानको नाउँमा रहेको जग्गा बेसीशहर नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि नगरपालिकाको नाउँमा ल्याउन र नमिल्ने अवस्थामा भोगाधिकार तथा लिजमा लिने प्रयोजनको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

**निर्णय नं.१४: समिति हेरफेर सम्बन्धमा ।**

नगरपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भएका कानूनमा तोकिएका विभिन्न समितिमा पदेन सदस्य तथा पदाधिकारी बाहेक पदावधि तोकिएका पदाधिकारी तथा सदस्यहरु तथा नगरसभा र कार्यपालिका बैठकबाट निर्णय भई समितिहरुमा रहनु भएका पदाधिकारी तथा सदस्यहरु हेरफेर सम्बन्धमा छलफल हुँदा "बेसीशहर नगरपालिकाको केही ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८१" मार्फत तथा नगरसभाको निर्णय मार्फत हेरफेरका लागि नगरसभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५: फोहरमैलाको सम्झौता गर्ने म्याद थप गर्ने सम्बन्धमा ।**

साविकमा गरिँदै आएको फोहरमैला व्यवस्थापनको सम्बन्धमा दरभाउपत्र मूल्याङ्कनमा सफल भई छनौट भएको बोलपत्रदातासंग सम्झौता गर्ने म्याद २०८१/१०/३० सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६: उपभोक्ता समिति गठन र आयोजना सम्झौता गर्ने समय सीमा सम्बन्धमा ।**

गत नगरसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरुको लागि उपभोक्ता समिति गठनको अन्तिम समय सीमा २०८१ फागुन मसान्त र आयोजना सम्पन्न/फरफारक गरिसक्नु पर्ने अन्तिम समय सीमा २०८२ जेष्ठ १५ तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१७: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकरतर्फ, बेनपा-१० | ७ लाख ५० हजार २६ | १.१रेडक्रस पुल-साँधु सडक स्तरोन्नति, बेनपा-१०<br>१.२ जिल्ला प्रहरी कार्यालय स्थित कालिका मन्दिर स्तरोन्नति, | २ लाख<br>२५ हजार |
| २.साउने खोलादेखि ठूलो पँधेरो आउने अधुरो नाली निर्माण, बेनपा-८ | २ लाख | २.गणेश मन्दिर अगाडिको चोकबाट विद्या विकास झर्ने बाटोमा पर्खाल निर्माण, बेनपा-८ | २ लाख |
| ३.मौलामाई भवन मर्मत सम्भार, बेनपा-४ | ४ लाख | ३.मौलामाई भवन संरक्षण, बेनपा-४ | ४ लाख |
| ४.विविध, बेनपा-११ | ३ लाख ५८ हजार | ४.सडक सरसफाइकर्ता पारिश्रमिक, २ जना, १ महिना १० दिन (रिठ्ठेबगर-तिनपिप्ले तिलाहार सडकमा), बेनपा-११ | ४५ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

**निर्णय नं.१८: नदिजन्य पदार्थको वातावरणीय अध्ययन प्रतिवेदन र संकलन/बिक्री सम्बन्धमा ।**

आ.व.२०८०/८१ र २०८१/८२ को लागि बेसीशहर नगरपालिका क्षेत्रभित्रका नदिका घाटहरुबाट नदिजन्य पदार्थ संकलन र बिक्रीको लागि मिति २०८०/२/१४ को कार्यपालिका बैठकबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा नदिजन्य पदार्थ संकलन गर्दा प्रयोग गर्न पाउने साधनहरुको सम्बन्धमा केही घाटहरुमा साधारण घरेलु हाते औजारले र केही घाटहरुमा ब्याक लोडरसम्म प्रयोग गर्न सकिने उल्लेख भएकोमा सो घाटहरुमा विगत २ वर्षदेखि ठेक्का समेत लाग्न नसकेको कारण हाल अनावश्यक रुपमा जमेर/थुप्रिएर रहेका नदिजन्य पदार्थले जलाशय क्षेत्र क्रमशः पुरिदै गएको र सो पदार्थ समयमै संकलन नहुँदा नदिको वहाव/धार समेत परिवर्तन भै वर्षादमा अन्य थप वर्षादको प्रकोपजन्य जोखिमको सम्भावना देखिनुका साथै सो क्षेत्रको नदिजन्य पदार्थ संकलन गरी विक्री नहुँदा सो क्षेत्रबाट प्राप्त हुन सक्ने उल्लेख्य राजश्व समेत गुम्न जाने देखिएकोले नदिजन्य पदार्थ संकलन, विक्री गर्दा प्रयोग गर्न पाउने साधनहरुको सम्बन्धमा केहीमा साधारण हाते औजारले मात्र र केहीमा ब्याकलोडरले मात्र संकलन गरी विक्री गर्न हालको अवस्थामा सम्भव नदेखिएको कारण देखाई ३ पटकसम्म ठेक्का सूचना आह्वान गर्दा समेत संकलन गरी विक्री गर्न कोही इच्छुक नभै ठेक्का लाग्न/वोलकवोल हुन नसकेको, वोलपत्र पेश गरेको घाटमा समेत सोही कारण ठेक्का सम्झौता हुन नसकिरहेको अवस्थामा उक्त केही घाटहरुमा नदिजन्य पदार्थ संकलन गर्दा प्रयोग गर्न पाउने मेशिनरी साधनहरुको सम्बन्धमा हालको वर्तमान अवस्था अनुरुप थप सान्दर्भिक र व्यवहारिकताको लागि पुनर्विचार गर्नुपर्ने आवश्यकता महशुस भएकोले उक्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेको परामर्शदातालाई स्थलगत अध्ययन र अनुगमनको लागि यस कार्यपालिकाको मिति २०८१/८/२५ को बैठकको निर्णयानुसार अनुरोध गर्ने निर्णयानुसार कार्यालयको तर्फबाट च.नं १०८३ मिति २०८१/८/२६ को पत्रद्वारा अनुरोध गरिएकोमा परामर्शदाताबाट मिति २०८१/९/८ मा प्राप्त परिमार्जित प्रतिवेदन स्वीकृत गर्ने, साथै सो परिमार्जित वातावरणीय अध्ययन प्रतिवेदनमा केही क्षेत्रहरुमा यस नगरपालिकाको सिफारिशमा जिल्ला अनुगमन समितिको स्वीकृति लिई भारी उपकरण प्रयोग गरी नदिजन्य पदार्थ संकलन गर्न सकिने भनि उल्लेख भएको हुँदा आ.व.२०८१/८२ का लागि गैरी क्याम्पस मुनि खण्ड (गैरी क्याम्पस मुनि घुम्तीदेखि झोलुङ्गे पुल माथिको भाग) मा नदिजन्य पदार्थ संकलन तथा विक्री कार्यका लागि आह्वान गरिएको बोलपत्र सूचना Besishahar/Revenue/NCB/08/081/82/03 वमोजिम एकमात्र बोलपत्र पेश भई यस कार्यालयको मिति २०८१/५/५ को निर्णयानुसार मूल्य अभिबृद्धिकर तथा अन्य कर बाहेकको कबोल अंक रु. ९१,५६,०००/- (एकान्नब्बे लाख छपन्न हजार रुपैया मात्र) भएको सो बोलपत्र स्वीकृत भएको, उक्त घाटमा नगरपालिकाको सिफारिशमा जिल्ला अनुगमन समितिको स्वीकृति पश्चात भारी उपकरण प्रयोग गरी नदिजन्य पदार्थ संकलन गर्न सकिने व्यहोरा उल्लेख भएको । उक्त घाटको कबोल अंक र परिमाणको नदिजन्य पदार्थ समयमै संकलन नहुँदा नदिको वहाव/धार समेत परीवर्तन भै वर्षाद्मा अन्य थप प्रकोपजन्य जोखिमको सम्भावना देखिनुका साथै सो क्षेत्रको नदिजन्य पदार्थ संकलन गरी विक्री नहुँदा सो क्षेत्रबाट प्राप्त हुन सक्ने उल्लेख्य राजश्व समेत गुम्न जाने देखिएकोले उक्त स्वीकृत परिमार्जित वातावरणीय अध्ययन प्रतिवेदन वमोजिम सो घाटमा भारी उपकरण (एक्साभेटर,जेसिवी) प्रयोग गरी नदिजन्य पदार्थ संकलन गर्न अनुमतिको लागि जिल्ला अनुगमन

गुमान सिंह अर्याल
नगर प्रमुख

समितिबाट निर्णय हुनुपर्ने देखिएकोले सो प्रतिवेदन साथै राखी जिल्ला अनुगमन समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९: स्टक प्रमाणित सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रभित्र पर्ने खोला, नदी तथा निजी जग्गाहरुबाट गत आ.व. नदीजन्य पदार्थ तथा निर्माण सामाग्रीहरु संकलन तथा विक्रीको लागि अनुमति प्रदान गरिएकोमा उक्त सामाग्रीहरु सोही आर्थिक वर्षमा विक्री नभई बाँकी रहन गएका सामानहरु यस वर्ष २०८१।८२ मा समेत स्टक रहन गई विक्रीको अनुमतिको लागि तपसिल बमोजिमका स्थानहरुबाट तपसिल बमोजिमका ब्यक्तिहरुबाट निवेदन पेश हुन आएकाले प्राविधिक इष्टिमेटका आधारमा आउने परिमाण मात्र विक्रीको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | स्टक रहेको आ.व. | अनुमति प्राप्त घन मिटर | घन फिट | ब्यक्ति वा संस्था | वडा नं. | सामान | घन मिटर | घन फिट | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०।८१ | ३६० | १२७०८ | दुर्गाबहादुर वोहोरा | ३ | ढुंगा | २७०.६५ | ९५४८.५३ | स्टक |

स्थलगत प्राविधिक प्रतिवेदन वमोजिम यसमा ८८ ट्रिप ट्याक्टर स्टक रहनु पर्नेमा १०९ ट्रिप स्टक देखिएकोले थप २१ ट्रिपको राजश्व लिई स्टक प्रमाणित गर्ने ।

**निर्णय नं.२० : नगरस्तरीय आयोजनाको नाम संशोधन सम्बन्धमा**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को लागि नगरसभाबाट स्वीकृत नगरस्तरीय आयोजना (रातो किताव पेज नं १२४/२.५.१४) मा  बाल संरक्षण गृह भवन निर्माण सहयोग, बेसीशहर-२ को लागि रु. ५ लाख बजेट विनियोजन भएको र सो आयोजनाको नाम संशोधन सम्बन्धमा छलफल हुँदा साविक बेसीशहर-८ मा आदर्श महिला तथा वालविकास केन्द्रद्वारा लामो समयदेखि बालगृह सञ्चालन भएको र हाल संस्थाको आफ्नै नाममा बेसीशहर-२ बोहोराबेसीमा खरिद भएको जग्गामा नक्शापास गराई प्रदेश तथा स्थानीय तहहरुबाट समेत सहयोग जुटाई बालगृह सञ्चालनको लागि भवन निर्माण कार्य शुरु गरिएको हुँदा जग्गाधनी दर्ता प्रमाण पूर्जा  र संस्था दर्ता प्रमाण पत्रमा भएको नामसंग भवन निर्माण आयोजनाको नाम मिल्ने गरी वडा नं २ को सिफारिस समेतका आधारमा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**देहाय:**

| साविक आयोजनाको नाम र ठेगाना | संशोधित आयोजनाको नाम र ठेगाना |
|---|---|
| बाल संरक्षण गृह भवन निर्माण बेसीशहर-२ | आदर्श महिला तथा बाल विकास केन्द्र भवन निर्माण, वेनपा-२ (बालगृह सञ्चालनको लागि निर्माण गरिने) |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/०६ गतेको बैठक

निर्णय नं.२१ : तह बृद्धि सम्बन्धमा ।

स्थानीय सेवाका कर्मचारीहरुको तह बृद्धि सम्बन्धमा गण्डकी प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा २७ बमोजिमको मापदण्डका आधारमा तह कायम /तह बृद्धि निर्धारण मूल्याङकन समितिको समेतको आधारमा तपसिल बमोजिमका कर्मचारीहरुलाई देहाय अनुसार तहवृद्धि गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कर्मचारीको नामथर | सेवा/समुह/उपसमुह | हालको तह | वृद्धि हुने तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुना राउत गुरुङ | स्वास्थ्य/क.न./पहेन | सहायक पाँचौ | अधिकृत छैटौ | |
| २ | जस बहादुर राई | प्रशासन/प्रशासन | सहायक पाँचौ | अधिकृत छैटौ | |
| ३ | सिता पराजुली | प्रशासन/प्रशासन | सहायक पाँचौ | अधिकृत छैटौ | |
| ४ | शोमा दिक्षित थापा | प्रशासन/प्रशासन | सहायक पाँचौ | अधिकृत छैटौ | |

गुमान सिंह अर्याल
नगर प्रमुख